# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ फागुन २४ गते

### सप्तरीको दुःखद घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण

नेकपा एमालेद्वारा राजविराजमा फागुन २३ गते आयोजित कार्यक्रममा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र सुरक्षाकर्मीहरु वीचको झडपको क्रममा प्रहरीको गोलि लागेर ४ जनाको ज्यान गएको र दर्जनौं व्यक्तिहरु घाइते भएको घटना अत्यन्त दुःखद् हो । यस घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

घटनाको निष्पक्ष छानविन गरी दोषीउपर कानूनी कार्यवाही गर्न, मृतकका परिवारलाई उचित राहत र क्षतिपूर्ति उपलब्ध गराउन, घटनामा घाइते भएका सर्वसाधारण, प्रदर्शनकारी तथा सुरक्षाकर्मीहरुको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था मिलाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । सो घटनाको सम्बन्धमा आयोगले नजिकबाट अनुगमन र अनुसन्धान शुरु गरेको छ ।

झडपको क्रममा घाइते भएका तथा मृतकहरुको अवस्था सम्बन्धमा तथ्यहरु संकलन गर्न आयोगले क्षेत्रीय कार्यालय विराटनगरबाट धरान तर्फ एक अनुगमन टोली आजै परिचालन गरेको छ । सप्तरीमा उपचाररत घाइतेहरुको अवस्था अनुगमनको लागि क्षेत्रीय कार्यालय जनकपुरबाट अर्को टोली खटाइएको छ । सप्तरी घटनाको अनुगमनको क्रममा खटिएको टोली र सवारी साधन माथि भएको मोर्चाका कार्यकर्ताहरुको आक्रमणबाट भएको क्षतिप्रति आयोग खेद प्रकट गर्दछ । आयोगको अनुगमन, अनुसन्धान कार्यमा कतैबाट पनि अवरोध सृजना नगर्न आयोग ध्यानाकर्षण गराउँदछ ।

कुनैपनि व्यक्तिको जीवनको अधिकार सुनिश्चित गर्नुपर्ने निकायबाटै अत्यधिक बल प्रयोग भई यस्तो परिस्थिति उत्पन्न हुनु मानव अधिकार सम्मत मान्न सकिन्न । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ तथा नेपालको संविधानको धारा १६ द्वारा प्रदत्त बाँच्न पाउने अधिकारलाई कसैले पनि कुनै पनि बहानामा कुण्ठित गर्न मिल्दैन । यी अधिकारहरुको सम्मान गर्नु प्रत्येक व्यक्ति, राजनीतिक दल तथा समूहको कर्तव्य हो ।

कुनैपनि राजनीतिक दलले आफ्ना राजनीतिक क्रियाकलापहरु सञ्चालन गर्दा हदै सम्मको संयमता अपनाउन समेत आयोग आग्रह गर्दछ ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org